# सचिवलायका मुख्य गतिविधिहरू
# (अप्रिल-जुन २०२४)

## अप्रिल २०२४

» १० अप्रिलका दिन नेपाल उद्योग वाणिज्य महासंघको ५८औं उद्योग वाणिज्य दिवसको उद्घाटन समारोहमा सहभागीता जनाइएको ।

» १२ अप्रिलका दिन परराष्ट्र मन्त्रालयस्थित एनआरएन डेस्कमा कार्यरत उपसचिव कृष्ण प्रसाद चापागाईसँग भेट गरी सर्वोच्च अदालतको निर्णय पश्चात सृजना भएको अवस्थाबारे छलफल ।

» १४ अप्रिलका दिन नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक सुमन अधिकारीसँग भेटी गरी बैंकले प्रयोग गरिरहेको भवनको सन्दर्भमा छलफल तथा राष्ट्र बैंकबाट संघलाई भुक्तानी गर्नुपर्ने भाडा बापत भुक्तानीका सन्दर्भमा लिखित रूपमा जानकारी गराइएको ।

» २५ अप्रिलका दिन भक्तपुर स्थित UCEP कार्यालयमा संघको आर्थिक सहयोगमा सञ्चालित सडक बालबालिका परियोजनाबारे अनुगमन भ्रमण गरी बालबालिका तथा त्यहाँका कर्मचारीसँग छलफल ।

» २८ र २९ अप्रिलका दिन नेपाल सरकारद्वारा आयोजित तेश्रो लगानी सम्मेलनमा संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत र अधिकृत कुनाल मिश्रा सहभागी ।

## मे २०२४

» ८ मे का दिन राधेश्याम अधिकारी र खिमलाल देवकोटासँग भेट गरी गैरआवासीय नेपाली नागरिकता लिए पश्चात देखिएका समस्याबारे छलफल । देखिएका समस्याहरूलाई बुँदागत रूपमा सम्माननीय प्रधानमन्त्री समक्ष निवेदन पेश गर्ने निर्णय । कार्यक्रममा संघका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत तथा गैरआवासीय नेपाली नागरिकता सम्बन्धी श्रोत व्यक्ति सरोज दाहाल र अधिकृत कुनाल मिश्रा सहभागी

» १२ मे का दिन संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र वरिष्ठ लेखा अधिकृत रविना महर्जनद्वारा आन्तरिक राजश्व कार्यालय टंगालका प्रमुख कर अधिकृत कमला घिमिरेसंग भेट तथा फुल अडिटबारे छलफल ।

» १४ मे का दिन International Development Institute (IDI) द्वारा आयोजित South Asian Women's Conference on Economic Empowerment कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत सहभागी ।

» १५ मे का दिन जर्मनी संस्था FRIEDRICH EBERT STIFTUNG (FES) ले काठमाडौंमा आयोजित The State of Nepal's Economic and Social Justice विषयक कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत सहभागी ।

» १७ मे का दिन सचिवालयका कर्मचारीको वृत्ति विकासका लागि Review, Reflection and Capacity Building Program तालिम सञ्चालन । तालिमका प्रशिक्षक उत्तम उप्रेती र गोविन्द पौडेलद्वारा प्रशिक्षण प्रदान । उक्त तालिम सचिवालयको पूर्वस्वीकृत कार्यक्रम तथा बजेटबाट गरिएको थियो ।

» २१ मे का दिन संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउतद्वारा आइएलओ र स्वीस विकास नियोगका प्रतिनिधिसँग भेट गरी Migrant Rights and Decent Work को 2nd phase परियोजना बारे सम्भावित साझेदारीको विषयमा छलफल । उक्त बैठकमा संघका अधिकृत कुनाल मिश्रको समेत सहभागिता थियो ।

»

२६ मे का दिन प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र प्रधानमन्त्रीका सचिवालयमा भेट गरी गैरआवासीय नेपाली नागरिकता र संघको फुल अडिट सम्बन्धमा छलफल । कार्यक्रममा वरिष्ठ लेखा अधिकृत रविना महर्जन र कार्यक्रम अधिकृत कुनाल मिश्रको उपस्थिति ।

»

३१ मे का दिन प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र कार्यक्रम अधिकृत कुनाल मिश्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र आइएलओले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यालयमा आयोजना गरेको छलफल कार्यक्रममा सहभागी । मध्यपुर्वमा रहेका नेपाली श्रमिकहरू सामाजिक सुरक्षा लगायतका विषयमा छलफल ।

## जुन २०२४

» २ जुनका दिन प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र राजश्व विभागका महानिर्देशक शिव लाल तिवारीबीच भेटवार्ता । संघको आ.व. २०७६/७७ फुल अडिटका विषयमा छलफल । भेटवार्तामा संघको बाह्य लेखा परिक्षक चार्टर्ड एकाउण्टेण्ट जेएन उपाध्याय र वरिष्ठ लेखा अधिकृत रविना महर्जनको सहभागी । संघको आ.व. २०७६/७७ फुल अडिटका विषयमा राजश्व विभागका महानिर्देशकज्युलाई संघको तर्फबाट थप स्पष्ट पारिएको ।

» २ जुनका दिन सचिवलायका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत, अधिकृत कुनाल मिश्र र कानूनी परमार्शदाता तेजेन्द्र गिरी र नेपाल राष्ट्र बैकको सामान्य प्रशासन विभागका कार्यकारी निर्देशक सुमन अधिकारी र कानुन विभागका कार्यकारी निर्देशक दिपक राज लामिछानेसंग भेटघाट । संघको घरभाडा र नविकरणबारे छलफल ।

» ६ जुनका दिन सचिवलायका प्रमुख कार्यकारी तथा FAO –HQ Mission का प्रतिनिधि Giorgia Prati बीच भेटवार्ता । नेपालमा Food and Agriculture Organization ( FAO)- UN Agency ले जलवायु परिवर्तन साथै कृषि क्षेत्रमा कार्यहरू गरिरहेको र संघका तर्फबाट पनि संघका गतिविधिहरूबारे जानकारी आदान-प्रदान । बैठकमा जलवायु प्रेरित आप्रवासन (Climate Induced Migration) को जोखिममा रहेका समुदायहरूमा सशक्तिकरण बढाउने सम्बन्धमा सम्भावित सहकार्य बारे छलफल । कार्यक्रममा नेपालस्थित FAO का प्रतिनिधि ठाकुर प्रसाद चौहानका साथै सचिवालयका तर्फबाट वरिष्ठ आइटी अधिकृत महेश श्रेष्ठ र अधिकृत कुनाल मिश्रको सहभागीता रहेको ।

» १० जुनका दिन The International Fund for Agriculture Development (IFAD) द्वारा आयोजित International Day of Family Remittances विषयक कार्यशाला गोष्ठिमा प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउतको सहभागीता रहेको ।

» १४ जुनका दिन संघका प्रमुख कार्यकारी अधिकृत एनआरएन डेस्कका उपसचिव कृष्ण प्रसाद चापागाईसँग भेटघाट । फुल अडिट, डिफोर्ट केश सम्बन्धमा बुझाउनुपर्ने रकम र सचिवलायका गतिविधिहरूबारे छलफल । भेटमा वरिष्ठ अधिकृत अनिल ढुंगाना र वरिष्ठ लेखा अधिकृत रविना महर्जन उपस्थित ।

» १४ जुनका दिन सचिवालयका प्रतिनिधिहरूको आन्तरिक राजश्व विभागका निर्देशक श्री पदम श्रेष्ठसंग आ.व. २०७६/७७को फुल अडिटबारे छलफल । सचिवालयका तर्फबाट प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ अधिकृत अनिल ढुंगाना र रविना महर्जनको उपस्थिति रहेको ।

» २० जुनका दिन गैरआवासीय नेपाली संघ सचिवालयका प्रतिनिधि र नेपाल राष्ट्र बैंकका प्रतिनिधिहरूबीच घरभाडा सम्बन्धमा पुन छलफल ।

» २० जुनका दिन संघका अभियन्ताहरू र गृह सचिव एकनारायण अर्यालबीच भेटवार्ता । गैरआवासीय नेपाली नागरिकता लिए पश्चात विविध विषयमा देखिएका कानूनी जटिलताबारे छलफल ।

» २५ जुनका दिन सचिवलायका कर्मचारीहरूको सामाजिक सुरक्षाकोष सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न । सामाजिक सुरक्षा कोषकी सहायक निर्देशक सुशीला पौडेलद्वारा प्रस्तुतिकरण गरिएको

» २६ जुनका दिन संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत र आइओएम माईग्रेसन डिर्पाटमेन्टका चिफ हेल्थ अफिसरबीच भेटघाट । आप्रवासी कामदारहरूको स्वास्थ्य समस्या र विदेश जानु अघि विद्यार्थीहरूलाई सम्बन्धित मुलुकबारे अभिमुखीकरण कक्षा सञ्चालन गर्ने सम्बन्धमा छलफल । साथै वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि स्वास्थ्य सम्बन्धि जानकारीका सम्बन्धमा समेत छलफल गरिएको ।

» २८ जुनका दिन संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतले निर्वाचन आयोगद्वारा आयोजित आप्रवासन र निर्वाचन विषय गोष्ठिमा सहभागी । नेपालको निर्वाचन प्रणाली तथा अब आउने निर्वाचनमा प्रवासमा बस्ने नेपालीहरूको मतदात सम्बन्धमा छलफल । उक्त गोष्ठीमा गैरआवासीय नेपालीहरूलाई समेत के कसरी मतदानमा सहभागी गराउने भन्ने सन्दर्भमा आयोगको ध्यानाकर्षण तथा छलफल ।

## अन्य महत्वपूर्ण कार्यहरू

- नियमित साप्ताहिक बैठक सञ्चालन गरी साताभरकाकार्य विवरण प्रस्तुत गर्ने कार्यको सुरूवात ।
- सचिवालयमा रहेको पुस्तकायलमा रहेका पुस्तकहरूको अपडेट तथा वेभसाईटमा राख्ने कार्य सम्पन्न ।
- आ.व.२०८०/८१ को दोश्रो र तेश्रो चौमासिककोआन्तरिक लेखा परिक्षण सम्पन्न गरिएको ।
- जे.एन. उपाध्याय एण्ड कम्पनीमार्फत आ.ब २०८०|०८१ को तेस्रो चौमासिक बाह्य लेखा परिक्षण जारी रहेको ।
- आ.ब २०८१/८२ को लागि संघको प्रस्तावित वार्षिक बजेटसम्बन्धी प्रस्तावलाई अन्तिम रूप प्रदान गरिएको ।
- गैरआवासीय नेपाली नागरिकता परामर्श सेवा नियमित प्रदान ।
- संघको नयाँ वेभसाईटलाई अपग्रेड गरी परिक्षणमा जारी राखिएको ।
- वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्यामा परेका व्यक्तिहरूलाई परामर्श प्रदान ।
- एनसीसीको सबै कार्यकालको फोकल पर्सनहरूको लिष्ट अपडेट गर्ने कार्य सम्पन्न भएको ।
- हस्तानारण भएका परियोजनाहरूको अनुगमन तथा मुल्यांकन प्रतिवेदन त्रैमासिक रूपमा अध्यावधिक गरिएको ।